२०७५, असोज
शुक्रबार
१९

आफ्नो स्वार्थ पूरा नभएपछि २ महिनाअघि बलात्कारपछि हत्या गरिएकी निर्मला पन्तको नाम बेचेर प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालको राजीनामा माग्दा पूर्वएमाले र माओवादी केन्द्रका विद्यार्थीबीच विवाद उत्पन्न भएको छ ।

नेपाल

ढुक्क हुनुस् ठूला माछा समातिँदैन : *कोइराला*

नेपाल समाचारपत्र

काठमाडौं

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले दण्डहीनताका कारण बलात्कारका घटना बढ्दै गएको बताउनुभएको छ। पुँजीवादका कारण बलात्कारका घटनामा वृद्धि भएको भन्ने गृहमन्त्री रामबहादुर थापाको भनाइलाई कटाक्ष गर्दै नेता कोइरालाले सरकार आफैं राज्य, आफैं कानुन, जे भन्यो त्यही हुन्छ भन्ने ढंगले अघि बढेको पनि बताउनुभएको छ।

प्रजातन्त्रवादी प्राध्यापक संघ रत्नराज्य लक्ष्मी क्याम्पस इकाइद्वारा बिहीबार आयोजित एक कार्यक्रममा बोल्दै कांग्रेस नेता कोइरालाले सुन तस्करीका ठूला माछा पनि नसमातिने बताउनुभएको छ। 'तपाईंहरू ढुक्क हुनुस् साना माछा त फुल्किसके ठूला माछा समातिँदै समातिँदैन।' -डा. कोइरालाले भन्नुभयो। जुन बेला सुन तस्करीका ठूला माछा समात्ने कुरा भइरहँदा प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमा जानुभएको थियो।

'प्रधानमन्त्रीसँग को-को जानुभएको थियो तपाईंहरू बुझ्नुस्', उहाँको भनाइ थियो- 'उनीहरू चीनबाट प्रधानमन्त्रीसँग फर्किएनन् तर प्रधानमन्त्रीले फर्किएको भोलिपल्टै प्रतिवेदन के गरे ? यसबाट थाहा हुन्छ सुन तस्करीका ठूला माछा को हो भनेर।' यस कारण तस्करीका ठूला माछा नसमातिने उहाँको भनाइ थियो।

कार्यक्रममा कांग्रेस नेता कोइरालाले कांग्रेस नेतृत्वको पनि आलोचना गर्नुभएको थियो। 'हामीबाट पनि धेरै कमी-कमजोरी भएको छ', कोइरालाले पछिल्लो उदाहरण दिँदै भन्नुभयो- 'सर्वोच्च अदालतमा प्रधानन्यायाधीश नियुक्तिका सवालमा कांग्रेस केन्द्रीय समितिको निर्णयविरुद्ध सभापति शेरबहादुर देउवाले संवैधानिक परिषद्मा अर्को प्रधानन्यायाधीश नियुक्ति गर्न हस्ताक्षर गरेर आउनुभएको छ। पार्टीको बैठकमा एउटा निर्णय अनि संवैधानिक परिषद्मा अर्को निर्णयमा हस्ताक्षर गर्ने यस्तो पनि हुन्छ ?'

गत निर्वाचनमा कांग्रेसले पराजित हुनुको कारणमा पनि नेतृत्वको कमजोरी रहेको उहाँको ठम्याइ थियो। कांग्रेसले प्रचण्डको छोरीलाई सिट छोडिदियो, उपेन्द्र यादव, महन्त ठाकुर, बाबुराम भट्टराई अशोक राई, विक्रम पाण्डेलगायतका नेताहरूलाई सिट छोडिदिए पनि कांग्रेसलाई कसैले सिट नछोडेको भन्दै कोइरालाले भन्नुभयो- 'राप्रपासँग कांग्रेसले सहकार्य गर्ने अनि राप्रपाका उम्मेदवारसँग कृष्णप्रसाद सिटौला पराजित हुने?' यसले कांग्रेसको हविगत के रहेछ भन्ने प्रस्ट भएको कोइरालाको भनाइ थियो।

विधान संशोधन तथा परिमार्जनका सवालमा कांग्रेस नेता कोइरालाले सभापति थप निरङ्कुश बन्ने गरी बन्न लागेको विधान अस्वीकार्य हुने बताउँदै भन्नुभयो- 'विधानले सभापतिलाई थप शक्तिशाली बनाउन खोज्दै छ। निरङ्कुशताविरुद्ध लड्ने कांग्रेसको विधानले सभापतिलाई थप निरङ्कुश बनाउनै हुँदैन।'

राजधानीमा चोरी बढ्यो

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका-१४ नख्खीपोटस्थित सिनो हाइड्रो कर्पोरेसन लिमिटेडबाट नगद २ लाख २२ हजार ३ सय ३० रुपियाँ चोरी गरेको अभियोगमा सोही कम्पनीका सेक्युरिटी गार्ड आकाश राईलाई प्रहरीले पक्राउ गरेको छ। कम्पनीको कर्मचारी सुत्ने कोठाको झ्याल फोडेर नगद चोरी भएको खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त सातदोबाटोबाट खटिएको प्रहरीले उनलाई उक्त नगदसहित पक्राउ गरेको हो।

यसैबीच भक्तपुरका दुई स्थानबाट नगद तथा सुनसमेत गरी करिब ७ लाख २ हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ।

भक्तपुर मध्यपुर ठिमी नगरपालिका-३ गठ्ठाघर डेरा गरी बस्ने काभ्रे पाँचखालाका विवेक नेपालको कोठाबाट कोही नभएको समयमा करिब ३ लाख ४२ हजार रुपियाँ बराबरको सुनका विभिन्न गहना चोरी भएको हो।

यसै गरी भक्तपुर मध्यपुर ठिमी नगरपालिका-१ लोकन्थली डेरा गरी बस्ने कैलाली बर्जगोरिया गाउँपालिका-१ का सालिमान साउदको कोठाबाट नगद २ लाख र सुनका गहनासमेत गरी करिब ३ लाख ६० हजार रुपियाँ बराबरको धनमाल चोरी भएको हो।

प्रधानसेनापति र कतारी राजदूतबीच भेट

काठमाडौं, (नेस)

प्रधानसेनापति पूर्णचन्द्र थापासँग काठमाडौंस्थित कतारका राजदूत युसुफ विन मोहम्मद अल हालीले जंगी अड्डामा शिष्टाचार भेटवार्ता गर्नुभएको छ। उक्त भेटवार्ताका क्रममा राजदूत युसुफले नवनियुक्त प्रधानसेनापति थापालाई बधाई दिनुका साथै उहाँहरूबीच द्विपक्षीय हित तथा पारस्परिक सम्बन्धका विषयमा छलफल भएको थियो।

सुनसहित २ पक्राउ

काठमाडौं, (नेस) । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पार्किङ एरियाबाट नवलपरासी सातपट्टी-२ घर भएका डोलराज न्यौपानेसमेत २ जनालाई करिब २ सय ९२ ग्राम सुनको बालासहित बुधबार प्रहरीले पक्राउ गरेको छ। विदेशबाट आएका यात्रुहरूसँग उनीहरूहरूले ल्याएको सुन अवैधरूपमा संकलन गरिरहेको अवस्थामा ६ वटा बालामा रहेको उक्त सुनसहित प्रहरीले नियन्त्रणमा लिएको हो।

ज्ञापनपत्रपछि विद्यार्थी संगठनमा लफडा

काठमाडौं, (नेस)

आफ्नो स्वार्थ पूरा नभएपछि २ महिनाअघि बलात्कारपछि हत्या गरिएकी निर्मला पन्तको नाम बेचेर प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालको राजीनामा मागेपछि पूर्वएमाले र माओवादी केन्द्रका विद्यार्थीबीच विवाद उत्पन्न भएको छ। पूर्वएमालेको विद्यार्थी संगठन अनेरास्ववियुकी अध्यक्ष नवीना लामा र पूर्वमाओवादी केन्द्रको विद्यार्थी संगठन अखिल क्रान्तिकारीका अध्यक्ष रञ्जित तामाङले बिहीबार गृहमन्त्री रामबहादुर थापालाई ज्ञापनपत्र बुझाएपछि दुवै संगठनमा असन्तुष्टि छताछुल्ल भएको छ।

अखिलका महासचिव ऐन महरले प्रहरी प्रमुखको राजीनामा संगठनको आधिकारीक धारणा नभएको बताउनुभएको छ भने अखिल क्रान्तिकारीका उपाध्यक्ष दीपेश पुनले पनि प्रहरी प्रमुखको राजीनामा बेमौसमको बाजा भएको संज्ञा दिनुभएको छ।

कुनै पनि व्यक्ति वा संगठन प्रमुखको राजीनामा माग्नुअघि संगठनमा छलफल नै नगरी ज्ञापनपत्र बुझाउनु केटाकेटीपन भएको अखिलका महासचिव महरले बताउनुभएको छ।

दुवै संगठनबीच एकता भएको घोषणा गरिए पनि दुवै संगठनबाट नेतृत्वमा को जाने भन्ने टुंगो नलागेको र दुवै संगठनका अध्यक्षको हैसियत नै नभएको व्यक्ति गएर ज्ञापनपत्र बुझाउनु उदेकलाग्दो विषय भएको एक विद्यार्थी नेताले नेपाल समाचारपत्रलाई जानकारी दिए।

१२ बिचौलिया पक्राउ

काठमाडौं, (नेस) । सोल्टीमोडस्थित श्रम कार्यालयमा वैदेशिक रोजगार जाने व्यक्तिहरूलाई श्रम गरी दिने भन्दै हैरानी दिने चन्द्रागिरी नगरपालिका-१४ का उज्वल पन्थीसहित १२ जनालाई प्रहरीले पक्राउ गरेको छ।

सेवाग्राहीलाई बाटो छेकेर अनावश्यक हैरानी दिएको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो।

नक्कली आरोहणपत्र बनाउने ३ पक्राउ

काठमाडौं, (नेस)

सगरमाथा आरोहणका लागि नक्कली आरोहणपत्र बनाउने कार्यमा संलग्न ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। सेभेन समिट ट्रेक्स प्रालिमा कानुनी विभाग प्रमुखका रूपमा कार्यरत कर्मचारी निभेश कार्की, बजार व्यवस्थापक फुर्तेन्जी शेर्पा र लेखापाल विजयश्वर अर्याललाई प्रहरीले पक्राउ गरेको हो।

सेभेन समिट ट्रेक्स प्रालिमार्फत सगरमाथा आरोहणका लागि तयार पारिएको '१४ पिक एक्सपेरियन्स एभरेस्ट एक्सपेडिसन-२०१८' नामक आरोहण दलको आरोहण अनुमतिपत्र पर्यटन विभागबाट बुझेर अभियुक्तहरूले उक्त अनुमतिपत्रमा भएको १२ जनाको नाममा चाइनिज र अस्ट्रेलियन नागरिकको नाम थप गरी कीर्ते गरेको पाइएको छ।

पर्यटन विभागबाट जारी भएको आरोहण अनुमतिपत्र लुकाएर उनीहरूले सोही मिति र परमिट नम्बर राखेर नक्कली अनुमतिपत्र बनाएर सेभेन समिट ट्रेक्स प्रालिमा पेस गरेका थिए।

सोही कीर्ते पत्रको छायाँप्रति सगरमाथा प्रदूषण नियन्त्रण समिति, सोलुखुम्बुमा पेस गर्दा विभागका कर्मचारी र ट्रेकिङ एजेन्सीका कर्मचारीले बुझाएको पत्रमा आरोही संख्या फरक परेपछि केन्द्रीय अनुसन्धान ब्युरोले यसबारे अनुसन्धान थालेको थियो।

उनीहरूले योजनाअनुसार अभियुक्त निभेश कार्कीले पर्यटन विभागबाट सक्कली छाप लगाएको लेटर प्याड लिएर सक्कल जस्तै परमिट बनाउने र विजयश्वर अर्यालले लेखा मिलाउने जिम्मा लिएको प्रहरी अनुसन्धानमा खुल्न आएको छ। त्यस्तै अभियुक्त फुर्तेन्जी शेर्पाले चाहिएको ठाउँमा सोही नक्कली पत्र वितरण गर्ने जिम्मेवारी लिएर काम गर्ने गरेको प्रहरी केन्द्रीय अनुसन्धान ब्युरोले जनाएको छ।

खनियावास गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

प्रदेश नं. ३, नेपाल

सवारी साधन आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७५/०६/१९ गते)

१) यस कार्यालयलाई आवश्यक पर्ने तपशिलमा उल्लेख सवारी साधन सप्लाई गर्न इच्छुक र इजाजतप्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३०औं दिन सम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को तपसिलमा उल्लेख बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारम साथ जमानत वापतको रकम यस गाउँपालिका कार्यालयको नाममा राष्टिय वाणिज्य बैक धादिङबेशीमा रहेको धरौटी खाता नं. १०३०३०३००७११० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिको लाई मान्यता दिइनेछ ।

५) दर्ता हुनआएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) बोलपत्र सम्बन्धी अन्यशर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली, २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस गाउँपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

तपशिल

बोलपत्र/ठेक्का नं.	सामान/उपकरणको नाम	आवश्यक संख्या	बोलपत्र फारम दस्तुर रु.	जमानत रकम रु.
०१/२०७५/०७६	जिप 4WD (बोलपत्र पुस्तिकामा संलग्न स्पेशिफिकेशन बमोजिम)	थान १ (एक)	३,०००।-	१००,०००।-

प्रमुख प्रशासकीय अधिकृत

सिनेमा कर्नर

अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकडभिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७८६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष : पेट गडबड, परिवारमा विवाद, अनिद्रा, तनाव।
वृष : आर्थिक लाभ, कार्य सफलता, इज्जत-प्रतिष्ठा बढ्नेछ।
मिथुन : धन हानि, मानसिक तनाव, आँखामा समस्या, काममा अरुचि।
कर्कट : कार्य सफल, मान-सम्मान, उपहार प्राप्ति, सुख-सन्तोष।
सिंह : धन हानि, विवाद, स्वास्थ्य समस्या निम्तिन सक्छ।
कन्या : विविध लाभ, खाद्यपदार्थ प्राप्ति, पारिवारिक सुख।
तुला : कार्य सिद्धि, लाभ, प्रसन्नता, पैसा प्राप्ति, सुख।
वृश्चिक : राज्यका तर्फबाट भय, अपयश, व्यापारिक झमेला।
धनु : रोग, कष्ट, धन हानि, अस्वस्थता, कार्यबाधा।
मकर : धनलाभ, यश, समस्या समाधान, जीवनसाथीबाट सहयोग।
कुम्भ : आर्थिक लाभ, शत्रु विजय, पारिवारिक सुख।
मीन : कार्यबाधा, धन हानि, शोक-सन्ताप, पेटको स्वास्थ्य समस्या।